आज मिति २०७८/०९/१८ गतेका दिन २ बजे यस कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री लूटबहादुर रावतज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | टिकाराम ढकाल | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १. | सुदिपसिंह सुनार | लेखा अधिकृत | |
| २. | बालकृष्ण महतारा | ईन्जिनियर | |
| ३. | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ४. | राजेन्द्र टमटा | का.स. | |

मिति २०७८ साल पौष १८ गतेका दिन बसेको नगर कार्यपालिकाको पाँचौ बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**निर्णय नं १**

यस नगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०७/१४ गतेका दिन बसेको तेस्रो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा जानकारी गरियो । साथै तेस्रो बैठकले गरेका निर्णयहरु मध्ये अधिकांश निर्णयहरु कार्यान्वयन भएको र कार्यान्वयन गर्न बाँकी निर्णयहरु कार्यान्वयन गर्न सम्बन्धित विषयगत समिति, शाखा र वडा कार्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं. २**

यस नगरपालिकाको सार्वजनिक सुनुवाई, दशौं नगरसभा र अर्धवार्षिक समीक्षा तपसिलको मितिमा गर्ने र सो का लागि आवश्यक पर्ने सूचना सम्प्रेषण, प्रचार-प्रसार, नगर सभामा पेश गरिने विधेयकहरु, प्रतिवेदन तयारी लगायत अन्य व्यवस्थापकिय कार्यहरु गर्न विषयगत समिति, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरुलाई निर्देशन दिने ।

तपसिल :

क. दशौं नगर सभा : २०७८/१०/०५ गते नगर सभाहल ।

ख. सार्वजनिक सुनुवाई : २०७८/१०/०४ गते नगर सभाहल ।

ग. अर्धवार्षिक समीक्षा : नगर सभाको बैठकमा पेश हुने ।

**निर्णय नं. ३**

यस नगरपालिका वडा नं.११ स्थित लोकनगरमा वसोवास गरिरहेका मुक्त कमैया परिवार तथा अन्य वसोवास गरिरहेका परिवारहरुको जग्गा सम्बन्धी समस्याको बारेमा यथार्त सत्य तथ्य विवरण संकलन गर्नका लागि पूर्वाधार विकास समितिका संयोजक श्री कल्पना अधिकारीको संयोजकत्वमा तपसिलका सदस्यहरु रहने गरी गरी ५ (पाँच) सदस्यीय छानविन समिति गठन गर्ने र उक्त समितिले दिएको प्रतिवेदन सर्वदलीय भेलाको आयोजना गरी पेश गर्ने ।

तपसिल :

संयोजक- श्री कल्पना अधिकारी

सदस्य-श्री डिलबहादुर परियार

सदस्य-श्री गिता सुनार

सदस्य-श्री शान्ति सुनार

सदस्य सचिव -श्री इसान खत्री (सर्वेक्षक)

**निर्णय नं. ४**

यस नगरपालिकामा क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलहरुले विभिन्न स्मृति भवन लगायत पार्टी कार्यालय भवन निर्माण तथा व्यवस्थापनका लागि जग्गा माग गरेकोमा उपयुक्त स्थानमा विवाद रहित जग्गाको सम्वन्धित सँस्थाले नै खोजी गरेर नगरपालिकामा पेश गरेमा सो उपर छलफल गरी उपलब्ध गराउने ।

(१) कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

०७८।९।२० प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५

यस नगरपालिका समक्ष मिति २०७८/०९/१८ गते सम्म यस नगरपालिका क्षेत्रमा औधोगिक, व्यापार तथा पर्यटन महोत्सव संचालन गर्न विभिन्न संघसंस्थाहरुले अनुमतिका लागि निवेदन पेश गरेकोमा निवेदक संघ संस्थाहरु मध्ये आपसी सहमतिको आधारमा जुन संस्थाको आयोजनामा महोत्सव संचालन गर्न सहमति हुन्छ सोही संस्थालाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने शुल्क समेत बुझाउने गरी अनुमति प्रदान गर्ने।

निर्णय नं. ६

यस नगरपालिका क्षेत्रिभत्र रहेको गाउँब्लक जग्गाको नापनक्शा गर्नका लागि नापी कार्यालय, बाँकेबाट पेश भएको लागत प्रस्ताव बमोजिम विनियोजित बजेटमा नपुग हुने रकम कार्यालयको मिल्दोजुल्दो शीर्षकबाट खर्च लेखी आवश्यकता अनुसार नपुग हुने रकम आगामी नगरसभाबाट विनियोजन समेत गर्ने गरी नापी कार्यालय, बाँकेको गोश्वारा टोलीलाई कायदिश दिई तत्काल काम सुचारु गर्ने ।

निर्णय नं. ७

यस नगरपालिका क्षेत्रमा बसोबास गरिरहेका फुसको छाना तथा अन्य खपडा, टायल, जस्ता पाता आदिको जिर्ण अवस्थामा रहेका घरको छाना भएका विपन्न परिवारहरुको नामावली विवरण सुरक्षित  नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७ बमोजिम बढीमा ७ (सात) दिन भित्र नगरपालिकामा पेश गर्न सबै वडा कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ८

कोहलपुर नगरपालिका, नगर शिक्षा समितिको मिति २०७८/०७/१७ र २०७८/०९/०२ गते बसेको बैठक र मिति २०७८/०७/१७ गते नगर शिक्षा, युवा तथा खेलकुद विकास शाखाले गरेका निर्णयहरु अनुमोदन गर्ने ।सो निर्णय बमोजिम देहायका खेलकूद प्रतियोगिता देहायको मितिमा संचालन गर्ने ।

तपसिल :

क. मेयरकप खेलकूद प्रतियोगिता माघ १३-१९ गते सम्म ।

ख. उपमेयर कप क्रिकेट प्रतियोगिता फाल्गुन पहिलो हप्ता ।

निर्णय नं. ९

कोहलपुर नगरपालिका वडा नं.२ र ५ को सिमाना स्थित पुर्व पश्चिम राजमार्गको उत्तरतर्फ द्वन्दकालीन समयमा शसस्त्र प्रहरी गणले लगाएको तारबारका कारणले उक्त क्षेत्रमा दैनिक जसो सवारी दुर्घटना हुने र पैदल यात्रुहरुलाई आवागमनमा समेत समस्या भई रहेको हुँदा सो स्थानमा रहेको तारबार तत्काल हटाउन जिल्ला प्रशासन कार्यालय, बाँकेलाई अनुरोध गर्ने।

निर्णय नं. १०

नगरपालिका अन्तरगतका निर्माण सम्पन्न भई ०३ नं. तथा ८ नं वडा कार्यालयको कार्यालय उदघाटनमा भएको खर्च नगरपालिकाम प्राप्त भएको बिल भरपाईका आधारमा चालु आ.व.२०७८/०७९ को चालु तथा प्रशासनिक तर्फको स्वीकृत बजेट क्र.स. ५५ को अन्य कार्यालय संचालन खर्च शिर्षकबाट भुक्तानी दिने र अन्य वडा कार्यालयहरुको भवन उदघाटनका लागि लाग्ने सम्पूर्ण खर्चहरु सो वडा कार्यालयहरुबाट अग्रीम रुपमा नगरपालिकामा प्रस्ताव पेश गरी मागको आधारमा नगरपालिकाको कार्यालयले व्यवस्थापन गर्ने।

(२)

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ११

यस नगरपालिकामा अमिन सहायक स्तर चौथो तहको दरबन्दी एकको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट दुई जना खटिई आएकोमा नगरापालिकाको नापी सम्बन्धी कार्यको चापलाई मध्यनजर गरी दुवैजनालाई दरबन्दी कायम गरी तलव भत्ता उपलब्ध गराउने गरी हाँजिर गराउने । साथै मन्त्रालयको विभिन्न मितिको पत्रानुसार यस नगरपालिकाकमा हाजिर भै कार्यरत अधिकृत छैंठौ श्री लक्ष्मी योगी लगायत विभिन्न सेवा समूहका सबै कर्मचारीहरुलाई हाजिर भएको मिति देखि लागुहुने गरी पदस्थापना गर्ने ।

निर्णय नं. १२

यस नगरपालिकालामा **"घ" वर्गको** निर्माण व्यवसायी ईजाजतको लागि प्राप्त भएका निवेदनहरु मध्ये . पिगाक्ष कन्ट्रक्सन, कोहलपुर-११, बाँकेलाई **"घ" वर्गको** निर्माण व्यवसायी ईजाजत पत्र दिने ।

निर्णय नं. १३

यस नगरपालिकाको तर्फबाट एम.बी.बी.एस अध्ययन छात्रबृत्तिका लागि प्रकाशित सूचना बमोजिम प्राप्त भएका आवेदनहरु मध्ये एम.बी.बी.एस अध्ययनका लागि कलेजमा भर्ना भएका तपसिलका आवेदकहरुलाई नगरपालिवाट सोहि शीर्षकमा विनियोजित बजेटबाट प्रदान गरिने ५० (पचास) प्रतिशत छात्रबृत्तिको सन्दर्भमा कार्यविधि बमोजिम हुने गरी दामाशाहीको दरले छात्रबृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

१. विनिता लम्साल- कोहलपुर-११, बाँके ।

२. उज्जवल गिरी - कोहलपुर-११, बाँके ।

निर्णय नं. १४

यस नगरपालिकाको चालु आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत **"सिकलसेल एनिमिया ल्याव संचालन तथा संचेतनामुलक कार्यक्रम** "का लागि विनियोजित रकम रु.२५,००,०००।-(अक्षेरुपी पच्चिस लाख) लाई मिति २०७८/०९/१६ गतेका दिन बसेको सामाजिक विकास समितिको बैठकको निर्णय अनुसार तपसिलको शिर्षकमा बाँडफाँड गरी कार्यान्वयन गर्ने ।

**तपसिल :**

| क्र.स. | क्रियाकलाप/शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | तलब तथा पारिश्रमिक | १२,००,०००.०० | ल्याब कर्मचारीहरुका लागि |
| २ | संचेतनामूलक कार्यक्रम | ५००,०००.०० | सिकलसेल एनिमिया सम्बन्धी |
| ३ | मेशिनरी औजार मर्मत | ४००,०००.०० | |
| ४ | परामर्श सेवा | १००,०००.०० | |
| ५ | कार्यक्रम व्यवस्थापन खर्च | ३००,०००.०० | |
| | जम्मा | २५,००,०००.०० | |

(३)

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

०८७।१।२०
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १५

चालु आ.व.२०७८/०७९ को वडा नं.०१ को वार्षिक स्वीकृत वडागत कार्यक्रम "कार्यालय फर्निचर" योजनाका लागि विनियोजित रकमलाई वडा समितिको सिफारिस बमोजिम तपशिलको योजनामा संशोधन गरी काम गर्ने ।

तपसिल :

घटाउने शिर्षकहरु: / बढाउने शिर्षकहरु:

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा | सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कार्यालय फर्निचर | ३११२३ | आन्तरिक श्रोत - नगद | ५००,०००.० | १ | सेवाग्राही कक्ष, स्टिलको खानेपानी ट्याङ्की र कार्यालयको हलमा मञ्च निर्माण | आन्तरिक श्रोत - नगद | २००,०००.० |
| | | | | २ | कार्यालय फर्निचर, कार्यालय परिसरमा गार्डेन निर्माण र कार्यालयको अन्य मर्मत | आन्तरिक श्रोत - नगद | १००,०००.० |
| | | | | ३ | पुरानो भवनको झ्याल ढोकामा जाली फिटिङ्ग, सिढि निर्माण र तारबार | आन्तरिक श्रोत - नगद | १००,०००.० |
| | | | | ४ | कार्यालयको प्रशासनिक कक्षमा एयर कन्डिसन जडान | आन्तरिक श्रोत - नगद | १००,०००.० |
| जम्मा | | | ५००,०००.० | | जम्मा | | ५००,०००.० |

निर्णय नं. १६

यस नगरपालिका अन्तरगतको चालु आ.व.२०७८/०७९ क्र.स.६५ "राजश्व सुधार तथा संभाव्यता अध्ययन" को कार्य लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट हुने भएको हुँदा सो योजनाका लागि विनियोजित भएको रकम रु.५००,०००.०(अक्षेरुपी पाँचलाख)आगामी नगरसभाबाट अनुमोदन हुने गरी बालमैत्री वडा र नगरपालिका घोषणा कार्यक्रमका लागि रकमान्तरण गर्ने ।

तपसिल :

घटाउने शिर्षकहरु: / बढाउने शिर्षकहरु:

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा | सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| राजश्व सुधार तथा संभाव्यता अध्ययन | २२४११ | आन्तरिक श्रोत - नगद | ५००,०००.० | १ | वालमैत्री वडा तथा नगरपालिका घोषणा कार्यक्रम | आन्तरिक श्रोत - नगद | ५००,०००.० |
| जम्मा | | | ५००,०००.० | | जम्मा | | ५००,०००.० |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १७

कोहलपुर एग्रो मिट प्रोसेसिङ्ग एण्ड सप्लायर्स कोहलपुर-११,बाँकेले यस नगरपालिकासँग सम्झौता गरी कार्यसम्पादन गरेको विज्ञापन करको सन्दर्भमा नगरपालिका समक्ष कोभिड अवधिभरको लागि विज्ञापन कर छुटका लागि दिएको निवेदन सम्बन्धमा यस नगरपालिकाको **आर्थिक ऐन, २०७८ को दफा १६ ले कर छुट सम्बन्धी गरेको व्यवस्था बमोजिम** २५ प्रतिशत छुट प्रदान गर्ने । सो अवधि भन्दा अघि र पछिको कर सम्झौता बमोजिम कोहलपुर एग्रो मिट प्रोसेसिङ्ग एण्ड सप्लायर्स कोहलपुर-११,बाँकेबाट असुल उपर गर्ने ।

निर्णय नं. १८

यस नगरपालिकाको " **अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, प्रवर्द्धन र कार्यान्वयन गर्ने वनेको ऐन, २०७७ को दफा २७** "बमोजिम यस नगरपालिका र अपाङ्ग सशक्तिकरण एवं संचार केन्द्रका विच मिति २०७७/०३/०४ गते भएको सम्झौता अनुसार यस नगरपालिकाको अपांगता समन्वय समितिमा छलफल गराई सो समितिबाट निर्धारित विधि अपनाई २०७८ साल माघ महिना देखि लागु हुने गरी अपाङ्गता परामर्श कक्ष स्थापना र संचालन गर्ने ।सो कार्यका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने ५०प्रतिशत लागत वापतको रकम रु.१५०,०००।- (अक्षेरुपी एकलाख पचास हजार) नगरपालिका अन्तरगत आ.व.२०७८/०७९ क्र.स.१५६"**सामाजिक परीक्षण** "का लागि विनियोजित भएको बजेट रकम रु.१५०,०००।- (अक्षेरुपी एकलाख पचास हजार) आगामी नगरसभाबाट अनुमोदन हुने गरी रकमान्तरण गर्ने ।

निर्णय नं. १९

यस नगरपालिकामा कार्यरत नगर प्रहरीले खाजा खर्च वापतको सुविधाका लागि नगरपालिका समक्ष पेश गरेको निवेदन अनुसार मिति २०७८ साल पौष महिना देखि लागु हुने गरी प्रतिदिन/प्रति नगर प्रहरी रु.१५०।-(अक्षेरुपी एकसय पचास) का दरले खाजा भत्ता आ.व.२०७८/०७९ क्र.स. ७३"**नगर प्रहरी परिचालन खर्च** "का लागि विनियोजित बजेटबाट उपलब्ध गराउने ।

निर्णय नं. २०

यस नगरपालिकामा विभिन्न सामुदायिक/सामाजिक संघसंस्था, सेवा प्रदायक संस्था तथा सरकारी कार्यालयबाट विभिन्न दिवस समारोह आदि कार्यको लागि आर्थिक तथा वस्तुगत सहयोगका लागि माग भै आएकोले सो सामुदायिक/सामाजिक संघसंस्था तथा सरकारी कार्यालयहरुलाई प्रमुख तथा उप प्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले आगामी नगरसभाबाट अनुमोदन हुने गरी चालु आ.व. २०७८/०७९ मा स्वीकृत भएको मिल्दोजुल्दो शीर्षकबाट भुक्तानी हुने गरी आर्थिक सहायता उपलब्ध गराई खर्च लेखि भुक्तानी दिने ।

निर्णय नं. २१

यस नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु, विभिन्न शाखा उपशाखाहरु, स्वास्थ्य सँस्थाहरु, शैक्षिक सँस्थाहरु लगायतका निकायहरुबाट नगरपालिकाको बजेट खर्च हुने गरी जुनसुकै कार्य गर्दा बजेट सुनिश्चित भएपछि कार्यक्रम प्रस्ताव वा लागत अनुमान अख्तियार प्राप्त अधिकारीको पूर्व स्वीकृत नगराई कुनै पनि कार्य संचालन नगर्ने । बजेट एकीन नभई कार्यक्रम स्वीकृति नलिई कार्यसम्पादन भएमा नगरपालिकाबाट त्यस्तो कार्यक्रमको खर्च भुक्तानी नहुने ।

(४)

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

०७८।९।२०
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २२

कोहलपुर नगरपालिका वडा नं.०६ को अधुरो भवन निर्माण तथा वडा नं. ४, ७, ११, १२, १३ र १५ को वडा कार्यालय भवनमा ग्रिल तथा अन्य निर्माण कार्य गर्नको लागि आवश्यक पर्ने बजेट यस नगरपालिका अन्तरगतको चालु आ.व.२०७८/०७९ मा विनियोजित तपसिलका योजना तथा कार्यक्रमबाट आगामी नगरसभाबाट अनुमोदन हुने गरी रकमान्तरण गरी तोकिएको कार्य गर्ने ।

तपसिल :

घटाउने शिर्षकहरु: | बढाउने शिर्षकहरु:

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा | सि.नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | स्रोत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा कार्यालय तथा आधारभुत स्वास्थ्य केन्द्रको पुर्वाधार निर्माण | ३११५९ | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,००,०००.० | १ | वडा नं.०६ को अधुरो भवन निर्माण तथा वडा नं.४, ७,११,१२,१३ र १५ को वडा कार्यालय भवनमा ग्रिल तथा अन्य निर्माण कार्य | राजस्व बाँडफाँड - संघीय सरकार - नगद | १५,००,०००.० |
| समपुरक कोष | ३११५९ | आन्तरिक ऋण - नगद ऋण | १९,००,०००.० | २ | वडा नं.०६ को अधुरो भवन निर्माण तथा वडा नं.४, ७,११,१२,१३ र १५ को वडा कार्यालय भवनमा ग्रिल तथा अन्य निर्माण कार्य | आन्तरिक ऋण - नगद ऋण | १९,००,०००. |
| जम्मा | | | ३४,००,०००.० | | जम्मा | | ३४,००,०००.० |

निर्णय नं. २३

राष्ट्रिय योजना आयोगको मिति २०७८/०८/२४ गते प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको तर्फवाट आ.व.२०७९/०८० का लागि समपुरक कोष र विशेष अनुदानका लागि तपसिल बमोजिमका योजनाहरु माग गर्ने।

तपसिल :

१. समपुर कोष तर्फका योजनाहरु :

१.१ रामनगर पश्चिम विराट खानेपानीको गेट हुँदै पुनः नेपालगंज सुर्खेत रोड जोडने बाटो कालोपत्रे ।

१.२ एकतानगर देखि सिमरी गाउँहुदैं दिशाजन्य लेदो पदार्थ व्यवस्थापन केन्द्र पहुँचमार्ग निर्माण ।

१.३ लखना रजगढवा हुँदै जोगिडाँडा जोड्ने बाटो कालोपत्रे ।

१.४ प्रशेनीपुर, चौधरीया, गोहवा गाउँ हुँदै रझेना गाउँ जोड्ने बाटो कालोपत्रे ।

१.५ हवलदारपुर त्रिवेणी विकास, ढोलपुर, ठाँडा हुँदै खजुरा गा.पा. जोड्ने बाटो कालोपत्रे ।

१.६ चटियाटोल देखि रझेना जोड्ने सडक स्तरोन्नती, कोहलपुर-०५ ।

१.७ कौशिलानगर क लाईन सड्क कालोपत्रे ।

१.८ त्रिमावि चौकमा आकाशे पुल निर्माण ।

१.९ मैटहवा गाउँ देखि त्रिवेणी चौक जोड्ने बाटो कालोपत्रे ।

१.१० कृष्णा मा.वि. वर्दहवा गाउँ हुँदै एपिएफ स्कुल जोड्ने बाटो कालोपत्रे ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

०८०/५/२०
प्रमुख प्रशासकीय अधिकृत

१.११ राधा प्रतिक्षालय हुँदै रझेना सडकमा जोड्ने बाटो स्तरोन्नती।
१.१२ चप्परगौडी थारु गाउँ हुँदै पिपलबोट सड्क स्तरोन्नती ।
१.१३ एकतानगर हुँदै चटार गाउँ जोड्ने सडक स्तरोन्नती ।

२. विशेष अनुदान तर्फका योजनाहरु :

१.१ जन ज्ञानज्योति मा.वि.को विद्यालय भवन निर्माण कोहलपुर-०१ कौशिलानगर ।
१.२ ने.रा.आ.वि.को विद्यालय भवन निर्माण कोहलपुर-१० चटार ।
१.३ ने.रा.आ.वि. को विद्यालय भवन निर्माण कोहलपुर-१५, चन्नहवा ।
१.४ बालशिक्षा प्रा.वि.को विद्यालय भवन निर्माण कोहलपुर-०७, रजगढवा ।
१.५ राधाकृष्ण प्रा.वि.को विद्यालय भवन निर्माण कोहलपुर-१५, अकलघरवा ।
१.६ सिकलसेल एनिमिया ल्याब संचालन तथा व्यवस्थापन कार्यक्रम ।
१.७ विपन्न दलित समुदायको आयआर्जन कार्यक्रम ।

**निर्णय नं. २४**

वडा समिति वडा नम्बर ५ को निर्णयानुसार सिफारिस भई आएको सार्वजनिक जग्गा जेसीस कोहलपुरलाई उपलब्ध गराउने प्रस्ताव स्वीकृत गर्ने ।

**निर्णय नं. २५**

कोहलपुर नगरपालिकाका वडा नं.०२,०३,०४,७,९ र १५ नं. वडामा थारु साँस्कृतिक संग्राहलय/ग्राम निर्माण योजना लुम्बिनी प्रदेश सरकार माग गर्ने ।

**निर्णय नं. २६**

यस नगरपालिकाको सेनिटरी व्यवस्थापन समितिको बैठकका विद्यालयमा छात्रा सँख्या एकीन गर्ने लगायतका भएका निर्णयहरु अनुमोदन गरी कार्य सञ्चालन गर्ने ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत
०८०/८/२०